# फालेलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
थकेपुङ, पाँचथर
कोशी प्रदेश, नेपाल


प.स. २०८०/०८१
च.नं.

मितिः २०८०/०८/१३

**फालेलुङ कृषि विकास शाखाको आ.व. २०८०/०८१ का लागि कार्यक्रम संचालनको लागि आवेदन प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना।**

**प्रथम पटक प्रकाशित सूचना मितिः २०८०/०८/१३**

फालेलुङ गाउँपालिका, कृषि विकास शाखाको आ.व. २०८०/०८१ को निःशर्त तर्फ स्वीकृत वार्षिक कार्यक्रम संचालन गर्न इच्छुक फालेलुङ गाउँपालिका भित्रका विभिन्न कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषि समुह तथा कृषि सहकारी संस्थाले मिति २०८०/०८/२७ गते भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरुका साथ यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

| क्र.स. | कार्यक्रमको नाम | अधिकतम अनुदान प्रतिशत | कार्यक्रमको लक्ष्य | बजेट (रू. लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रस्तावनामा आधारित महिला कृषि समुहलाई सामुहिक खेति (अकबरे खुर्सानी, लसुन, प्याज) प्रवर्द्धन कार्यक्रम | ५०-७५ | ५ | ५ | क्लष्टरमा कम्तीमा १ हेक्टर (२० रोपनी) क्षेत्रफलमा खेती गरेको हुनुपर्नेछ। |
| २ | फलफुल बगैंचा सुदृढिकरण कार्यक्रम (सुन्तलाजात, वर्षे फलफुल, हिँउदे फलफुल लगायत) | ५०-७५ | २ | १ | कम्तिमा १० रोपनीमा फलफुल र ५ रोपनीमा कफि खेति गरेको हुनुपर्नेछ। |
| ३ | आलु बीउ भण्डारणका लागि रष्टिक स्टोर सुदृढिकरण कार्यक्रम | ७५ | १ | ३ | कम्तिमा १० मे.टन. बीउ आलु भण्डारण हुन सक्ने संरचना निर्माण गर्नुपर्नेछ। |
| ४ | मागमा आधारित व्यवसायिक कृषि विकास कार्यक्रम | ५०-७५ | २ | २ | प्रस्ताव पेश गर्दा तरकारी खुल्ला – ७ रोपनी, अदुवा – १५ रोपनी, बेसार – ५ रोपनी, लसुन/प्याज – ३ रोपनी, फलफुल (थप) – १० रोपनी, खाद्यान्न बाली – १५ रोपनी, दलहन/तेलहन – ५ रोपनी, रैथाने बाली – ३ रोपनीमा खेति गरि वस्तुको मूल्य अभिवृद्धि र बजारिकरणमा सहयोग हुने विषय समावेश गरेको हुनुपर्नेछ। |

भक्ति प्रसाद रेग्मी
कृषि प्रसार अधिकृत



www.phalelungmun.gov.np
०२१-६९६४९०
phalelunggaunpalika@gmail.com

आवश्यक कागजातहरू:

१. सम्बन्धित निकायमा फर्म/समुह/सहकारी/संस्था दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

२. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि र गत आ.व. २०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

३. कृषि सहकारी/निजि उद्यमी/कम्पनीको हकमा गत आ.व. २०७९/८० को लेखा परिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि।

४. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने जग्गा धनीपुर्जा र जग्गाधनीको नागरिकता वा भाडाको जग्गामा खेति भएमा ५ वर्ष र स्थायी संरचनाको लागि कम्तिमा १० वर्षको सम्झौतापत्र।

५. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

६. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी।

७. संस्थाको हकमा कार्यक्रम माग गर्ने सम्बन्धित निर्णयको प्रतिलिपि साथै निवेदन पेश गर्ने व्यक्तिको अख्तियारीको निर्णय।

८. आवेदकले दोहोरो नपर्ने गरि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र।

९. प्राविधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाणपत्रको प्रतिलिपि।

..............................
भक्ति प्रसाद रेग्मी
कृषि प्रसार अधिकृत

पुनश्चयः माथि उल्लेखित कार्यक्रमहरु फालेलुङ गाउँपालिका कृषि विकास कार्यक्रम संचालन कार्यविधि-२०८० बमोजिम स्वीकृत/संसोधित मापदण्डमा भएका व्यवस्था अनुसार संचालन हुनेछ। साथै उल्लेखित मिति भित्र आवश्यक कागजात र प्रक्रिया नपुगेका आवेदनहरु माथि कुनै प्रकृया अघि बढ्ने छैन।